Nepali | नेपाली

# वास्तविक मद्दत। अहिल्यै।



# $१०० ऊर्जा बचत बोनस: कसरी आवेदन दिने

अत्यधिक आवश्यक पर्ने भिक्टोरियाका बासिन्दा लाई जीवनयापनको वास्तविक लागतमा सहयोग उपलब्ध गराउने।

भिक्टोरिया सरकारले नयाँ $१०० को ऊर्जा बचत बोनसका साथ जीवनयापनको लागतलाई सम्बोधन गर्न र आवश्यकतामा परेका भिक्टोरियालीहरूको ऊर्जा बिलहरू (बिजुली र ग्यासको पैसा) घटाउन वास्तविक सहयोग उपलब्ध गराउँदैछ।

२५ अगस्ट २०२५ देखि, उपयुक्त सहुलियत कार्ड (concession card) भएकाहरूले भिक्टोरियन एनर्जी कम्पेयर (Victorian Energy Compare) को वेबसाइटमा गएर बोनसको लागि आवेदन दिन सक्नेछन्, र साथै उनीहरूले ऊर्जाको प्रयोग उचित मूल्यमा गरिरहेका छन् कि छैनन् भनेर जाँच गर्न सक्नेछन्।

भिक्टोरियन एनर्जी कम्पेयर, सरकारद्वारा सञ्चालित एक नि: शुल्क र स्वतन्त्र वेबसाइट हो जसले बिजुली, ग्यास र सौर्य ऊर्जाका प्रस्तावित मूल्यहरूको तुलना गर्न सजिलो बनाउँछ। वेबसाइट प्रयोग गरेर नियमित रूपमा ऊर्जाका योजनाहरू जाँच गर्दा र परिवर्तन गर्दा, भिक्टोरियालीहरूले आफ्नो ऊर्जाको लागतमा उल्लेखनीय बचत गर्न सक्नेछन्।

$१०० ऊर्जा बचत बोनसको लागि योग्य हुन तपाईं आर्के ऊर्जा योजनामा परिवर्तन हुनु पर्दैन। उपलब्ध योजनाहरूको तुलना गर्न वेबसाइट प्रयोग गर्नुहोस् - यो छिटो छरितो र सजिलो छ, र तपाईंलाई राम्रो मोलमोलाई गर्न मद्दत गर्नेछ।

## $१०० ऊर्जा बचत बोनस

$१०० ऊर्जा बचत बोनस एक पटकको भुक्तानी हो जुन योग्य घरपरिवारहरूलाई जाडोयामको ऊर्जा बिलहरू व्यवस्थापन गर्न र जीवनयापनको लागतको दबाब कम गर्न मद्दत गर्ने उद्देश्यले डिजाइन गरिएको हो।

आवेदन दिन भिक्टोरियन एनर्जी कम्पेयरको वेबसाइट प्रयोग गरेर तपाईंले नयाँ बचत पत्ता लगाउन सक्नुहुन्छ - र यसो गर्दा $१०० बोनस प्राप्त गर्न सक्नुहुन्छ।

## योग्यता

योग्य हुनको लागि, घरपरिवारहरूसँग निम्न कुराहरू हुनुपर्छ:

- हालसालैको आवासीय बिजुलीको बिल हुनुपर्छ
- निम्न मध्ये एउटा सहुलियत (कन्सेसन) कार्ड हुनुपर्छ:
  - हेल्थ केयर कार्ड
  - पेंशनर कन्सेसन कार्ड
  - भेटेरान अफेयर्स पेन्सनर कन्सेसन कार्ड
  - भेटेरान अफेयर्स गोल्ड कार्ड

प्रति घरपरिवार एक पटकको भुक्तानी मात्र उपलब्ध छ।

### कसरी आवेदन दिने

आवेदन दिनको लागि, भिक्टोरियन एनर्जी कम्पेयरको वेबसाइट (compare.energy.vic.gov.au) मा जानुहोस् वा फोन (1800 000 832) मार्फत वा सहभागी नेबरहुड हाउस (Neighbourhood House) मार्फत व्यक्तिगत रूपमा आवेदन दिनुहोस्।

VICTORIAN ENERGY COMPARE

VICTORIA State Government

# **वास्तविक मद्दत।** अहिल्यै।

## भिक्टोरियन एनर्जी कम्पेयरले तपाईंको लागि के गर्न सक्छ:

- यसले तपाईंको वर्तमान योजनालाई उपलब्ध योजनाहरूसँग तुलना गर्दछ जसमा कुन महँगो वा सस्तो छन् तपाईंले देख्न सक्नुहुन्छ।
- यसले बजारमा उपलब्ध प्रत्येक भिक्टोरियाका उर्जा कम्पनीका हरेक योजनाको खोजी गर्दछ।
- यसले तपाईंलाई हरित ऊर्जा प्रस्ताव र सौर्य फिड-इन शुल्कदरहरू (solar feed-in tariffs) देखाउँछ।
- यसले तपाईंलाई उपयुक्त हुने उत्तम जानकारी प्रदान गर्न तपाईंको घरपरिवार वा व्यवसायमा आधारित तथ्यांक प्रयोग गर्दछ।

**1** **तपाईंको भर्खरैको बिजुली वा ग्यास बिल फेला पार्नुहोस्।**

**2** compare.energy.vic.gov.au मा हेर्नुहोस्

**3** **तपाईंको केही विवरण भर्नुहोस् र उत्तम योजनाहरू फेला पार्नुहोस्।**

### तुलना गर्नुहोस् र बचत गर्नुहोस्

सन् २०२४ मा भिक्टोरियन एनर्जी कम्पेयरको वेबसाइट प्रयोग गर्ने व्यक्तिहरूले सबैभन्दा उचित मूल्यका योजनाहरू अपनाएर $२४० भन्दा बढी बचत गर्न सक्षम भए।

### आवासीय तथा साना व्यवसाय

भिक्टोरियन एनर्जी कम्पेयर मा आवासीय र साना व्यवसायय ऊर्जा उपभोक्ताहरूका लागि साधारणतया सबै उपलब्ध ऊर्जा योजनाहरू छन्।

### १७.५% छुट

सहुलियत कार्ड भएकाहरूले बिजुलीको बिलमा वर्षभरि र ग्यासको बिलमा जाडोयाम (मे देखि अक्टोबर) मा १७.५% छुट पाउन सक्नेछन्।

भिक्टोरिया सरकारको ऊर्जा वेबसाइटले भिक्टोरियाको सुरक्षित र ऊर्जाको दिगो भविष्यको विकास गर्न हामीले उद्योग र समुदायसँग गरिरहेको कामको बारेमा जानकारी प्रदान गर्दछ।



## energy.vic.gov.au/households **मा हेर्नुहोस्**

© भिक्टोरिया राज्यको ऊर्जा, वातावरण तथा जलवायु कार्य विभाग अगस्ट २०२५

**ISBN** 978-1-76176-558-2 **(Print)**
**ISBN** 978-1-76176-559-9 **(pdf/online/MS word)**

**अस्वीकरण**
यो प्रकाशन तपाईंको लागि सहयोगी हुन सक्छ तर भिक्टोरिया राज्य र यसका कर्मचारीहरूले यो प्रकाशन कुनै पनि प्रकारको त्रुटिरहित छ वा तपाईंको विशेष उद्देश्यका लागि पूर्ण रूपमा उपयुक्त छ भन्ने ग्यारेन्टी गर्दैनन् र त्यसैले यस प्रकाशनमा भएको कुनै पनि जानकारीमा भर पर्दा उत्पन्न हुन सक्ने कुनै पनि त्रुटि, नोक्सान वा अन्य परिणामहरूको लागि सबै दायित्व अस्वीकार गर्दछ।

अंग्रेजी बाहेक अन्य भाषाहरुमा सहायता प्राप्त गर्नको लागि, अनुवाद तथा दोभाषे सेवा (TIS) लाई 131 450 मा सम्पर्क गर्नुहोस्।

2052